# खानेपानी तथा ढल निकास विभागको संक्षिप्त परिचय

नेपाल भित्र खानेपानी र ढल निकास सम्बन्धी सेवा संचालनको व्यवस्था गर्न संवत् २०२९ सालमा खानेपानी तथा ढल निकास विभाग स्थापना हुँदा राजधानी काठमाण्डौको अलावा अन्य केही शहरी क्षेत्र तथा ग्रामीण बस्तीहरूमा मात्र खानेपानी सुविधा उपलब्ध गराइएको थियो । यसपछि खानेपानी सेवा बिस्तारसँगै यस विभाग अन्तर्गत २०३४ सालमा तत्कालीन चारै विकास क्षेत्रमा डिभिजन कार्यालयहरू स्थापना गरि क्षेत्रियस्तरसम्म स्थायी संरचनाको विकास गरिएको थियो । त्यस अवस्थामा देशका विभिन्न ठाउँमा संचालन हुने खानेपानी आयोजनाहरूको यीनै डिभिजन कार्यालयहरूबाट योजना तर्जुमा कार्यान्वयन तथा अनुगमन र सुपरिवेक्षण हुने गरी अस्थायी योजना कार्यालयहरू मार्फत कार्य संचालन हुने व्यवस्था रहेको थियो । यसका अतिरिक्त तत्कालीन स्थानीय विकास विभाग (पछि पञ्चायत तथा स्थानीय विकास मन्त्रालय) का साथै तत्कालीन जिल्ला पञ्चायतहरूबाट समेत खानेपानी क्षेत्रको काम समानान्तर रूपमा हुने गरेको थियो ।

सन् १९८० को दशकलाई अन्तर्राष्ट्रिय खानेपानी दशकको रूपमा घोषणा गर्ने विश्व स्वास्थ्य संगठनको प्रस्ताव प्रति तत्कालीन श्री ५ को सरकारले प्रतिबद्धता जनाएपछि खानेपानी क्षेत्रमा सरकारी लगानी वृद्धि हुँदै जाँदा खानेपानी तथा ढल निकास विभाग अन्तर्गत क्षेत्रीय स्तरका ४ वटा कार्यालयहरू र ती कार्यालय अन्तर्गत केही विकास तर्फका समेत डिभिजन कार्यालयहरूको व्यवस्था गरी कार्य संचालन गरिएको थियो। यो अवस्था संवत् २०४५ सालसम्म विद्यमान रहेको थियो ।

यस अघि एकै किसिमको कार्यक्रम विभिन्न निकायबाट संचालन हुँदा देखिन आएका योजना छनौटमा दोहोरोपना, कामको गुणस्तर तथा मापदण्डमा विविधता र स्थायी संरचना तथा संजालको कमी आदिलाई ध्यानमा राखी यस क्षेत्रसँग सम्बन्धित सम्पूर्ण काम एउटै निकाय (खानेपानी तथा ढल निकास विभाग) बाट संचालन गर्ने गरी ५ क्षेत्रीय निर्देशनालय र ७५ जिल्ला खानेपानी कार्यालयहरूको सांगठनिक संजाल सहितको संरचना संवत् २०४५ सालमा स्वीकृत भई २०४५ पौष देखि कार्य संचालन शुरु गरियो । खानेपानी तथा ढल निकास विभागको यो सञ्जालको विकाससँगै यसभन्दा पहिले स्थानीय विकास मन्त्रालय (तत्कालीन पंचायत तथा स्थानीय विकास मन्त्रालय) बाट संचालन भएका सम्पूर्ण कार्यक्रमहरू यस विभागमा हस्तान्तरण गरि खानेपानी तथा ढल निकास विभागमा संलग्न अन्य निकायहरू बीच समन्वयकारी भूमिका निर्वाह गर्ने गरी यस क्षेत्रको अगुवा निकायको रूपमा यस विभागलाई तोकि कार्य संचालन गर्ने व्यवस्था लागू भयो ।

यसै क्रममा २०५८/८/६ मा स्वीकृत संरचना अनुसार देशको पाँचै विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम रहेका जिल्लाहरूमा सुपरीटेन्डेन्ट इन्जिनियर (रा.प.प्र.प्रा.) कार्यालय प्रमुख रहने गरी ५ क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय तथा बाँकी जिल्लाहरूमध्ये सिनियर डिभिजनल इन्जिनियर (रा.प. द्वि.प्रा.) कार्यालय प्रमुख रहने गरि ४८ डिभिजन र इन्जिनियर (रा.प.तृ.प्रा.) कार्यालय प्रमुख रहने गरी २२ सव-डिभिजन कार्यालयहरू छन् । साथै खा.पा.

तथा स.डि.का. सुनसरी, चितवन(भरतपुर), नेपालगन्ज, धनगढी र क्षे. अ. तथा सुपरिवेक्षण कार्यालय, पोखरा समेत ५ ठाउँमा  क्षेत्रिय पानी परिक्षण प्रयोगशाला रहेको छ ।

# खानेपानी तथा ढल निकास विभाग

**सर्वोपरि लक्ष्य (Vision)**
नेपाली जनताको जीवनस्तरमा दिगो ढङ्गले उल्लेखनीय रूपमा सुधार ल्याउने ।

**कार्य लक्ष्य (Mission)**
सन् २०१७ सम्ममा नेपाल राज्यभरिका सम्पूर्ण बस्तीहरूमा स्वच्छ खानेपानी तथा जनचेतना अभिवृद्धि सहित सरसफाइ सुविधा समुचित रूपमा उपलब्ध गराउन नेपाल सरकारको नीति तथा कार्यक्रम संचालन गर्ने ।

यस लक्ष प्राप्तिको लागि उपलब्ध स्रोतको समुचित प्रयोग गरि स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने व्यवस्था मिलाउन विभागले समन्वयकारी भूमिका निर्वाह गर्ने।

## उद्देश्य (Goal)

क) लगानी सहभागिता एवं असुलीको आधारमा आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन लगानी उठती, समुदाय तथा उपभोक्ताहरूको व्यापक परिचालन योजना निर्माण, कार्यान्वयन, समन्वय र अनुगमनको लागि संगठनको क्षमता अभिवृद्धि खानेपानी तथा प्रयोगपछि निष्कासन हुने पानीको गुणस्तरको मापदण्ड तयार गर्ने ।

ख) अनुसन्धान र अनुभवको आधारमा विकसित उपयुक्त तथा दिगो प्रविधिहरूको अनुसरण जस्ता सिद्धान्तको आधारमा कार्यक्रम संचालन गरिने छ । यी कार्यक्रमहरूको संचालनबाट निम्न बमोजिमका सुविधा उपलब्ध गराइने छ -

- देशका सबै क्षेत्रमा आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने ।
- जनस्वास्थ्यमा प्रतिकूल असर नपर्ने स्तरको खानेपानी सुविधाको क्रमिकरुपमा बिस्तार गर्ने ।
- जनचेतनाको अभिवृद्धि गरि शहरी एवं ग्रामीण क्षेत्रमा स्यानीटरी, ढल तथा घरेलु चर्पी सहितको उपयुक्तस्तरको सरसफाइ सुविधाको विकास गर्ने ।
- पानी जन्य तथा पानी सम्बन्धी रोगको समक्रमणमा कमी ल्याई बाल मृत्युदर घटाउन सहयोग गर्ने तथा रोगको कारणबाट खेर गइरहेको समयलाई थप आय आर्जन गर्न सहयोग पुर्याउने ।
- उपलब्ध खानेपानी सुविधाको समुचित व्यवस्थापनको लागि उपभोक्ता समितिहरू एवं स्थानीय निकाय परिचालन गर्ने ।

## विभागका मुख्य मुख्य कामहरू

खानेपानी तथा ढल निकास विभाग खानेपानी तथा सरसफाइ क्षेत्रको अगुवा निकाय भएको हुँदा यस विभागबाट संचालन गरिने भनि तोकिएका कार्यका अतिरिक्त नेपाल सरकारबाट कुनै निकायबाट सम्पादन गरिने भनि नतोकिएका क्षेत्रगत कार्यहरू समेत यसै विभागबाट सम्पादन गर्ने व्यवस्था रहेको छ।

**यस बिभागका मुख्य मख्य कार्यहरु निम्न बमोजिम रहेको छ ।**

- खानेपानी तथा सरसफाइ सम्बन्धी राष्ट्रिय नीति निर्माण गर्न सहयोग गर्ने ।
- अल्पकालीन एवं दीर्घकालीन कार्यक्रम तयार गर्ने ।
- क्षेत्रगत निकायहरू बीच सम्बाद तथा समन्वय गर्ने ।
- खानेपानी तथा सरसफाइ सम्बन्धी जिल्लागत अभिलेख एवं पार्श्वचित्र तयारी तथा व्यवस्थापन गर्ने ।
- क्षेत्रगत निर्देशिका तयारी एवं कार्यान्वयन गर्ने ।
- तालिम तथा उत्प्रेरणाको माध्यमबाट स्थानीयस्तरमा आवश्यक जनशक्ति उत्पादन गर्ने ।
- उपयुक्त प्रविधि विकास सम्बन्धी अध्ययन एवं अनुसन्धान गर्ने।
- खानेपानी गुणस्तर सम्बन्धी राष्ट्रिय निर्देशिका तयारी एवं पालना गराउने तथा गुणस्तर सम्बन्धी कार्यक्रम संचालन गर्ने ।
- क्षेत्रगत कार्यक्रम, लगानी एवं उपलब्धि अनुगमन गर्ने ।
- स्थानीय निकायको सेवा संचालन क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गर्ने ।
- स्थानीय उपभोक्ता एवं राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संघ/ संस्था परिचालन सम्बन्धी नीति निर्माण एवं कार्यान्वयन गर्ने ।
- घना बस्ती भएका बसोबास क्षेत्रमा उपयुक्त स्तरको प्रशोधन सहितको ढल प्रणाली विकास एवं व्यवस्थापन सम्बन्धी नीति निर्माण तथा सेवा व्यवस्थापन कार्य संचालनमा स्थानीय निकायको क्षमता अभिवृद्धि गर्ने ।
- सेवा संचालनको लागि उपभोक्ता समिति एवं स्थानीय निकायलाई हस्तान्तरण गरिएका आयोजनाहरूको संचालनमा ती निकायहरूलाई आवश्यक प्राविधिक सहयोग गर्ने ।
- विभाग र अन्तर्गतका कार्यालय व्यवस्थापन, कर्मचारी अभिलेख र जिन्सी व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- पुराना भै जीर्ण भएका, अर्ध-शहरी तथा ठूला आयोजनाहरूको मर्मत सम्भार एवं पुनर्निर्माण कार्यमा सम्बन्धित उपभोक्ता समिति तथा स्थानीय निकायलाई प्राविधिक सहयोग गर्ने ।
- खानेपानी तथा सरसफाइ सम्बन्धी तालीम सामाग्री विकास, उत्पादन एवं वितरण तथा मध्यमस्तरको जनशक्ति उत्पादनको लागि स्थानीय स्तरका तालीम कार्यक्रम संचालन गर्ने ।
- डीप ट्युबवेल तथा इलेक्ट्रोमेकानिकल कम्पोनेन्ट सहितका आयोजनाको डिजाइन, निर्माण तथा मर्मत सम्भारको लागि राय, सल्लाह र प्राविधिक सहयोग उपलब्ध गराउने।
- विभाग तथा अन्तर्गतको संगठन संरचना निर्माण, कर्मचारीहरू मध्ये राजपत्र अनंकित तहको नियुक्ति, सरुवा, बढुवा तथा विभागीय कारबाही गर्ने तथा राजपत्रांकित तहको

हकमा नियुक्ति, सरुवा, बढुवा तथा विभागीय कारबाहीको लागि तालुक मन्त्रालयमा सिफारिस गर्ने लगायतका प्रशासनिक कार्यहरू गर्ने ।

- खानेपानी तथा सरसफाइ  कार्यक्रम संचालनको लागि बजेट व्यवस्था, बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने, खर्चको अनुगमन तथा नियन्त्रण, बजेट रकमान्तर, बेरुजू फछ्यौट लगायतका आर्थिक प्रशासन सम्बन्धी कार्यहरू गर्ने ।

## खानेपानी र सरसफाइको वस्तु स्थिति

| ***क्षेत्र*** | ***सन २०१०*** | | ***सन २०१४*** | |
|---|---|---|---|---|
| | ***खानेपानी*** % | ***सरसफाइ*** % | ***खानेपानी*** % | ***सरसफाइ*** % |
| *पूर्वाञ्चल* | ७६.४ | ४२.२ | ८२.४५ | ६२.५८ |
| *मध्यमाञ्चल* | ८१.३ | ४६.१ | ८५.२१ | ६२.७७ |
| *पश्चिमाञ्चल* | ८४.६ | ५३.५ | ८२.८४ | ८०.६ |
| *मध्य पश्चिमाञ्चल* | ७६.३ | ३०.७ | ८०.९२ | ८६.२९ |
| *सु. पश्चिमाञ्चल* | ८३.३२ | २९.१ | ८४.६८ | ७८.१९ |
| *भौगोलिक* | | | | |
| *हिमाली* | ७७.६ | ३३.६ | ८०.१९ | ७४.४८ |
| *पहाड* | ७९.९ | ५२.९ | ८४.८९ | ८७.१४ |
| *तराई* | ८१.२ | ३५.६ | ८४.७९ | ५६.९३ |
| ***राष्ट्रिय*** | ***८०.४*** | ***४३.३*** | ***८३.५९*** | ***७०.२८*** |

*श्रोत : राष्ट्रिय सुचना ब्यवस्थापन आयोजना, खा.पा.तथा.ढ.नि.बि.*

## राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र

खानेपानी तथा ढल निकास विभाग अन्तर्गतको राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र खानेपानी तथा सरसफाइ क्षेत्रका सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने अग्रणी निकायको रूपमा कार्यरत छ । जनशक्ति, तालिम भवन र अन्य लजिस्टिक सामग्रीहरू उपलब्ध रहेको यस केन्द्रप्राकृतिक रूपले सुन्दर एवं रमणीय स्थान नगरकोटमा अवस्थित छ । सन् २०१५ मा यस प्रशिक्षण केन्द्रले **ISO 9001:2008 Quality Management System Certified Training Center** को मान्यता हासिल गरेको छ । यस केन्द्रले **Water Operators Partnership** सम्बन्धमा उल्लेखनीय कार्य गरे बापत अन्तर्राष्ट्रिय स्तरको **Water Link Award 2015** प्राप्त गरेको छ ।

अनुसन्धान र प्रशिक्षणको माध्यमबाट खानेपानी तथा सरसफाइ क्षेत्रकासंघ संस्थाहरू, सरोकारवालाहरू र उपभोक्ताहरूको क्षमता विकास, नवीनताको प्रवर्द्धन तथा प्रविधिको विकास गर्ने सोच सहित यस प्रशिक्षण केन्द्र क्षमता अभिवृद्धि, अनुसन्धान, साझेदारी विकास र संजाल निर्माण तर्फ क्रियाशिल छ । जसको लागि यस केन्द्रको सहजीकरणमा क्षेत्रगत **Training Need Assessment**, **Training Norms Revision, WASH Expo, Capacity Development Master Plan**, **Development of Roster of Training Experts, Capacity Gap Assessment of WASH-CCs, Documentation and Achieving** आदि पक्षहरू सम्बन्धी कार्यहरू संचालित छन्। यस केन्द्रले भविष्यमा स्तरीय प्रशिक्षण म्यानुअल, अनलाइन कोर्स तथा तालिम सूचना व्यवस्था प्रणाली विकास गर्ने सोच बोकेको छ ।

यस केन्द्रद्वारा हाल सम्म प्राविधिक, ब्यबस्थापकीय, सामाजिक-सांस्कृतिक, नेतृत्व एवं संस्थागत विकास, ट्रिगरिंग र सचेतना निर्माण, सूचना तथा ज्ञान व्यवस्थापन, साझेदारी निर्माण, योजना तर्जुमा तथा अनुगमन, खानेपानी संरचना एवं गुणस्तर, विद्यालय सरसफाइ, पूर्ण सरसफाइ, वातावरणीय प्रभाव मूल्यांकन, जलवायु परिवर्तन, जोखिम व्यवस्थापन, बर्सातको पानी संकलन, फोहर पानी प्रशोधन तथा फोहरमैला व्यवस्थापन, पाइप जडान, पानीको चुहावट नियन्त्रण, मर्मत सम्भार, निर्माण व्यवस्थापन, प्रशासन तथा वित्त व्यवस्थापन, सामाजिक समानता तथा लैंगिक समाबेशीकरण, प्रस्तावना तथा प्रतिवेदन तैयारी आदि विषयवस्तुहरूमा प्रशिक्षण तथा अभिमुखीकरण सम्पादित भएका छन् ।

## योजना तथा वैदेशिक सहयोग समन्वय शाखा

- आयोजनाहरू तर्जुमा गर्दा राष्ट्रिय नीति तथा राष्ट्रिय योजनालाई मार्गदर्शनका रूपमा लिई बनाउन लगाउने ।
- राष्ट्रिय नीति तथा राष्ट्रिय योजनालाई मार्गदर्शनका रूपमा लिई वैदेशिक सहयोग बाट संचालन गर्नु पर्ने आयोजनाहरूको लागि सहयोगको प्रस्ताव तयार पार्ने ।
- खा.पा.तथा सरसफाइ क्षेत्रमा आन्तरिक एवं बाह्य श्रोत जुटाउन तथ्याङ्क अद्यावधिक राख्ने तथा वैदेशिक सहयोगको लागि समन्वय गर्ने ।
- योजना तथा कार्यक्रम तर्जुमा, अल्पकालीन तथा दीर्घ कालिन योजनाको मस्यौदा तयार गर्ने ।
- वार्षिक कार्यक्रम तयार गर्न सहयोग गर्ने र वार्षिक कार्यक्रम निर्धारित ढाँचामा प्राप्त गरि स्वीकृतीको लागि पेश गर्ने
- स्वीकृत वार्षिक कार्यक्रम सम्बन्धित निकायमा पठाउने।
- खा.पा.तथा सरसफाइ क्षेत्रमा आन्तरिक एवं बाह्य श्रोत जुटाउन तथ्याङ्क अद्यावधिक राख्ने तथा वैदेशिक सहयोगको लागि समन्वय गर्ने ।
- जिल्लाको खानेपानी तथा सरसफाइ सम्बन्धी वार्षिक बजेट सीमा निर्धारण गर्ने ।
- खानेपानी तथा सरसफाइ विकासको लागि सूचना व्यवस्थापन शाखासँग समन्वय गरी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना तयार गर्ने ।
- सम्बन्धित शाखाहरूसँग निकट समन्वय राखी सम्पूर्ण आयोजनाहरूको वार्षिक कार्यक्रमहरू प्राप्त गरी एकीकृत रूपमा समायोजन गर्ने तथा राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयमा समन्वय गरी वार्षिक कार्यक्रम र बजेट तयार गर्ने तथा कार्यक्रम संशोधन सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने ।

## कार्यक्रम अनुगमन तथा मूल्याङ्कन शाखा

- आयोजनाहरूको डिजाइन स्वीकृतिका लागि मूल्याङ्कन गर्ने मापदण्ड अद्यावधिक गर्ने ।
- डिभिजन र क्षेत्रीय स्तरबाट डिजाइन स्वीकृत भएका आयोजनाहरूको डिजाइन र लागतको अभिलेख राख्ने । केन्द्रीय स्तरबाट डिजाइन मूल्यांकन गरिनु पर्ने आयोजनाको डिजाइन मूल्यांकन कार्यको समन्वय गर्ने तथा डिजाइन स्वीकृति भएका आयोजनाहरूको स्वीकृति डिजाइन तथा लागत अनुमानको अभिलेख प्रति व्यवस्थित गरी राख्ने ।
- योजना तथा डिजाइन सुदृढीकरण सम्बन्धी आयोजनाहरूको तर्जुमा तथा कार्यान्वयन गर्ने । खानेपानी आयोजनाको डिजाइन कार्य सुदृढ गर्न आवश्यक कार्य गर्ने ।
- सम्बन्धित शाखाहरूबाट प्राप्त सुझावको आधारमा खानेपानी तथा सरसफाइ आयोजनाको योजना तर्जुमा सम्भाव्यता अध्ययन, डिजाइन निर्माण तथा संचालन व्यवस्थापन सम्बन्धी स्टैण्डर्डस् नर्मकोडस, क्राइटेरिया, म्यानुअल आदि तयार गरी प्रकाशित गर्ने र अद्यावधिक गर्दै जाने ।
- आयोजना कार्यान्वयन तथा उपलब्धिको निरीक्षण तथा अनुगमन गर्ने ।

- खानेपानी डिभिजन / सव डिभिजन तथा शाखाहरूको प्रगति अनुगमन गर्ने तथा मासिक, चौमाफिक र वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने ।
- केन्द्रीय  स्तरका आयोजनाहरूको प्रगति अनुगमन, उपलब्धि अनुगमन तथा लाभ अनुगमन गर्ने
- आयोजनाहरूको प्राविधिक परीक्षण (Technical Audit) गर्ने व्यवस्था मिलाउने ।

## खानेपानी गुणस्तर शाखा

खानेपानी तथा ढल निकास बिभागको स्थापना काल देखि खानेपानीको सर्बसुलभ पहुँच पुर्याउने कार्य भइरहेकोमा अपेक्षित रुपमा पानीजन्य रोगहरुको प्रकोप निराकरण हुन सकिरहेको थिएन । यसै सन्दर्भमा बितरित खानेपानीको गुणस्तरमा समेत सुधार ल्याउने र निर्माण हुने नयाँ आयोजनामा समेत खानेपानीको गुणस्तरलाई मध्यनजर गरि आयोजना निर्माण तथा कार्यान्वयन गर्ने उद्धेश्यका साथ सन् २००० (आ.व. ०५७/५८)मा छुट्टै खानेपानी गुणस्तर तथा अनुगमन शाखाको स्थापना भएको हो । सन २०१७ सम्म २७ प्रतिशत जनतालाई उच्च तथा मध्यमस्तरको खानेपानी पुर्याउन आयोजनाको छनौट प्रकृया  देखि नै खानेपानी गुणस्तर सुधारका अवयवलाई अवलम्बन गर्ने, सेवाप्रदायक तथा सेवाग्राहीलाई सुसूचित गराउने र सम्पन्न तथा चालु खा.पा.योजनाहरुलाई समेत गुणस्तरयूक्त खानेपानी योजनामा परिणत गर्दै जाने यस शाखाको मुख्य उद्धेश्य रहेको छ । सो उद्धेश्य प्राप्तीका लागि यस शाखाले गर्दै आएका मूख्य मूख्य कार्यहरु निम्नानुसार छन् :

- खानेपानी गुणस्तर मापदण्ड २०६२ अनुसार तोकिए बमोजिम गुणस्तरयूक्त पानीको सेवा प्रवाह गर्न र गराउन आवश्यक  कार्ययोजना तयार गर्ने । सो योजना अनुसार बजेट ब्यवस्थापन, प्रस्ताव तयारी र स्विकृत गर्ने ।
- खानेपानी गुणस्तर निरिक्षण तथा अनुगमन गर्ने ।
- पाँचै बिकास क्षेत्रका पानी परिक्षण प्रयोगशाला संचालनको ब्यवस्था गर्ने । केन्द्रिय प्रयोगशालाको समुचित उपयोग र ब्यवस्थापन गर्ने ।
- खानेपानीको गुणस्तर अभिबृद्धि गर्न सघाउ पुग्ने बिभिन्न कार्यक्रमको आवश्यकता पहिचान गरि क्षमता अभिबृद्धि गर्ने ।
- संचालित खानेपानी गुणस्तर सुधार आयोजनाहरुको निरिक्षण अनुगमन तथा सुपरिवेक्षण गर्ने ।
- आर्सेनिक जोखिममा रहेका क्षेत्रहरुमा आर्सेनिक निराकरणका कार्यक्रम संचालन गर्ने ।
- खानेपानी को गुणस्तर अभिबृद्धि सम्बन्धि प्रदान गरिएको सेवास्तरको तथ्याङ्क राख्ने सूचना ब्यवस्थापन शाखा/श्रोत केन्द्रलाई निरन्तर रुपमा समन्वय गर्ने ।
- खानेपानीको गुणस्तरलाई मुहान देखि मुख सम्म अद्याबधिक राख्ने र सचेतना जगाउन, सेवा प्रदायकसंस्थालाई उत्तरदायि बनाउन खानेपानी सुरक्षा योजना लागु गरि निरन्तर कार्यान्वयन गर्न आवश्यक तालिम प्रदान गर्ने ।
- सुरक्षा योजनाको अनुगमन तथा मूल्याङ्कन गरि सुझाव दिने ।

सम्पादित प्रमुख कृयाकलापहरु

- बिभिन्न २३ जिल्लाका ४७ योजनाहरुमा खानेपानी प्रशोधन प्रणाली निर्माण गरि करिब लगभग ५,४३,०९० जनसंख्यालाई गुणस्तरिय पिउने पानी उपलव्ध गराइएको ।
- आर्सेनिक प्रभावित तराइका २० जिल्लाहरुमा करिब ११ लाख ट्युबवेलहरुमा विश्व स्वास्थ्य संगठन, यूनिसेफ तथा युएन ह्याबिट्याटको सहयोगमा ब्ल्यांकेट टेष्ट गरि प्रभावित क्षेत्रमा १९७०० कञ्चन आर्सेनिक फिल्टर तथा १६२ बायोस्याण्ड फिल्टर बितरण गरिएको ।

- आर्सेनिक न्युनिकरण स्थायी प्रविधि कार्यक्रम अन्तरगत तराईका बिभिन्न २० जिल्लाहरुमा १२४६ वटा आर्सेनिक रहीत टयूववेल जडान गरिनुका साथै नवलपरासी र कपिलबस्तु जिल्लाहरुमा ५ गोटा ओभरहेड ट्याङ्क सहितको आर्सेनिक सुरक्षीत खानेपानी प्रणाली निर्माणका लागि ओभरहेड ट्याङ्क तथा डिप बोरिङ्ग निर्माण सम्पन्न गरिएको ।
- प्राकृतिक प्रकोपको बेलामा र संक्रमणको खतरा महशुस गरिएको वेलामा खानेपानी शुद्धिकरणका लागि ब्लिचिङ पाउडर, पियूष तथा एक्वाट्याब बितरण गर्ने कार्यहरु पनि बिभिन्न मातहतका निकाय मार्फत हुदैं आइरहेको ।
- घरायसी स्तरमा पानी शुद्धिकरण गर्ने प्रविधि (Household Water Treatment) को प्रयोग वारे जनचेतना अभिबृद्धि तथा प्रचार प्रसारका कार्यक्रम गरिएको तथा १५ वटा सरकारी बिद्यालयहरुमा पानी प्रशोधन संयन्त्र जडान गरिएको ।
- खानेपानी सुरक्षा योजना (Water Safety Plan) लाई आयोजनाको अभिन्न अंगको रुपमा बिकास गर्दै लगिएको र हालसम्म बिश्व स्वास्थ्य संगठन, यूनिसेफ समेतको सहयोगमा करिब १५०० आयोजनाहरुमा खानेपानी सुरक्षा योजना लागु गरिएको ।

## वातावरणीय सरसफाइ शाखा

### कार्यविवरण

- वातावरणीय सरसफाइ सम्बन्धी सम्बन्धी दीर्घकालीन गुरुयोजना अद्यावधिक गर्ने।
- वातावरणीय सरसफाइ सम्बन्धी नीति, कार्यनिती बनाउन सघाउने।
- वातावरणीय सरसफाइ संबन्धी शैक्षिक सामग्री विकास, उत्पादन र वितरण गर्ने।
- वातावरणीय सरसफाइ संबन्धी वार्षिक कार्यक्रम तथा बजेट तयारी गर्ने।
- वातावरणीय सरसफाइ संबन्धी प्रविधि अध्ययन, विकास, अनुसन्धान तथा सूचना व्यवस्थापन गर्ने।
- खानेपानी तथा सम्बद्ध अन्य आयोजना/कार्यक्रमहरूको संचालनबाट वातावरणमा पर्न सक्ने प्रभावहरूको अध्ययन मूल्याङ्कन गर्न चाहिने आधारहरू एवं म्यानुयल तयारगर्ने। आवश्यकता अनुसार आयोजनाहरूको वातावरणीय प्रभावको अध्ययन अनुसन्धान गर्ने, गराउने।
- खानेपानी तथा सम्बद्ध योजना/कार्यक्रमहरूबाट वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यून गर्ने प्रविधिहरूको म्यानुयल तयार गरी अद्यावधिक गर्दै जाने। वातावरण संरक्षणको लागि उपयुक्त प्रविधिहरूको खोजी तथा विकास गर्ने। प्रयोगमा ल्याइएका प्रविधिहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने।
- वातावरण व्यवस्थापन सम्बन्धी नीति नियमावली मस्यौदा तर्जुमा गर्ने।
- वातावरणीय सरसफाइ सम्बन्धी सूचना तथा तथ्याङ्कको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने।
- आवश्यकता अनुसार अन्य तोकिएका कामहरू गर्ने।

- विभागबाट संचालित वातावरणीय सरसफाइ संबन्धी कार्यक्रमको सुपरिवेक्षण, अनुगमन, निरीक्षण तथा मूल्याङ्कन तथा प्रगति प्रतिवेदन तयारी गर्ने।

**सम्पादित क्रियाकलापहरु**

खानेपानी तथा ढल निकास विभाग र खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा काम गर्ने सरोकारवालाहरुको प्रयास, साझेदारी र समन्वयमा हाल सम्म ३४ जिल्ला, ८५ नगरपालीका र २०९३ गाविस खुलादिसामुक्त घोषणा भई सकेका छन् ।

- तराई मधेश सरसफाइ सम्बन्धी कार्यशाला गोष्ठी (तराइ मधेशका ९ जिल्लाहरुलाई समेटी ३ स्थानमा सप्तरी, महोत्तरी र बारामा)
- उदयपुरको गाइघाटमा उदयपुर,सोलुखुम्बु, खोटाङ र ओखलढुङ्गा समावेश अन्तर जिल्ला सरसरफाइ सम्मेलन
- पूर्ण सरसफाइअभियान
- पूर्ण सरसफाइ सम्बन्धी मार्गदर्शन तयारी
- आइसी सामग्री उत्पादन तथा वितरण
- आमसंचार क्षेत्रसँग सहकार्य गरी सरसफाइ सन्देश प्रचार तथा प्रसार
- राष्टिय,क्षेत्रीय, जिल्ला स्तरीय सरसफाइ सम्मेलन तथा गोष्ठी आयोजना समन्वय र सहजीकरण
- राष्टिय सरसफाइ तथा स्वच्छता समन्वय समितिको सचिवालयको जिम्मेवारी

<u>खुला दिसामूक्त क्षेत्र घोषणा भइ सकेका जिल्लाहरु:</u>

| | जिल्ला | | जिल्ला |
|---|---|---|---|
| 1 | कास्की | 18 | रुकुम |
| 2 | चितवन | 19 | गोरखा |
| 3 | तनहुँ | 20 | जाजरकोट |
| 4 | म्याग्दी | 21 | धनकुटा |
| 5 | प्यूठान | 22 | लम्जुङ्ग |
| 6 | पर्वत | 23 | इलाम |
| 7 | अछाम | 24 | वर्दिया |
| 8 | कालिकोट | 25 | दैलेख |
| 9 | मकवानपुर | 26 | नवलपरासी |
| 10 | भक्तपुर | 27 | गुल्मी |
| 11 | मुस्ताङ्ग | 28 | रोल्पा |
| 12 | पाँचथर | 29 | सुर्खेत |
| 13 | बाग्लुङ्ग | 30 | तेह्रथुम |
| 14 | दाङ्ग | 31 | बझाङ्ग |
| 15 | डडेल्धुरा | 32 | स्याङ्गजा |
| 16 | बाजुरा | 33 | उदयपुर |

| | | | |
|---|---|---|---|
| 17 | अर्घाखाँची | 34 | जुम्ला |

**फोहरपानी रोगको खानी छोपेर राखौं खानेपानी**

## खानेपानी सेवा नियमन तथा पुनस्थापना शाखा

- विगतमा सम्पन्न भई विविध कारण बाट सञ्चालनमा नरहेका आयोजनाहरूको मर्मत सुधार तथा गुणस्तर वृद्धि गरी खानेपानी सुविधा उपलब्ध गराउने ।
- समुदाय परिचालन गरी प्राप्त सुविधालाई सुधार तथा पुन:र स्थापना गरी मध्यमस्तरको खानेपानी सुविधा उपलब्ध गराउने ।
- वार्षिक कार्यक्रम तथा बजेट तयारी गर्ने ।
- कार्यक्रमको सुपरिवेक्षण, अनुगमन, निरीक्षण तथा मूल्याङ्कन तथा प्रगति प्रतिवेदन तयारी गर्ने ।

## ढल व्यवस्थापन शाखा

- ढल निर्माण सम्बन्धी मापदण्ड तयारी तथा अद्यावधिक गर्ने।
- ढल निर्माण तथा विकास सम्बन्धी दीर्घकालीन गुरुयोजना तयारी गर्ने ।
- ढल प्रणाली व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने ।
- ढल प्रणाली व्यवस्थापन सम्बन्धी प्रविधि अध्ययन, विकास, अनुसन्धान तथा सूचना व्यवस्थापन गर्ने
- ढल विकास सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट तयारी गर्ने।
- विभागबाट संचालित ढल प्रणाली व्यवस्थापन सम्बन्धी कार्यक्रमको सुपरिवेक्षण, अनुगमन, निरीक्षण तथा मूल्याङ्कन तथा प्रगति प्रतिवेदन तयारी गर्ने ।

## जलवायु अनुकुलन तथा उपयुक्त प्रविधि शाखा

शाखाको मुख्य कार्य:

- उपयुक्त प्रविधि सम्बन्धी अनुसन्धान र प्रवर्धन कार्यक्रम संचालन गर्ने ।
- उपयुक्त प्रविधि सम्बन्धी अध्ययन अनुसन्धानको नतीजाहरु विभिन्न तहमा गोष्ठी, सभा र सम्मेलन गरी आदान प्रदान गर्ने ।
- उपयुक्त प्रविधि विकासको लागि निर्देशिकाहरू तयार गरी लागू गर्ने गराउने ।
- वर्षाते पानी संकलन आयोजनाहरूको तर्जुमा, सम्भाव्यता अध्ययन, डिजाइन र कार्यान्वयन गर्ने ।
- वर्षाते पानी संकलन आयोजनाहरूको लागि बजेट व्यवस्थापन गर्ने ।
- वर्षाते पानी संकलन आयोजनाहरुको तर्जुमा, संम्भाव्यता अध्ययन, डिजाईन र कार्यान्वयन गर्नको लागि सवडिभिजन-, डिभिजन र क्षेत्रीय स्तरमा समन्वय गरी सहकार्य गर्ने ।

  हालसम्म सम्पादित प्रमुख क्रियाकलापहरु:

- आ.व. २०७१।०७२ सम्म विभिन्न जिल्लामा ३८ वटा बर्षाते पानी संकलन आयोजनाहरु सम्पन्न भई करिब २०,००० जनसङ्ख्या लाभान्वीत भएको।

- आ.व. ०७१।०७२ सम्म ७० वटा स्कुलमा बर्षाते पानी संकलन सम्बन्धी नमुना आयोजनाहरु सम्पन्न गरी करिब २५,००० विद्धार्थीहरु लाभान्वीत भएको।
- धार्मिक स्थलहरु जस्तै पाथीभरा ताप्लेजुङ, कालिन्चोक दोलखा, स्वर्गद्वारी प्युठानमा बर्षाते पानी संकलन आयोजना सम्पन्न गरि बर्सेनि १,००,००० भन्दा बढी तिर्थयात्रीहरुलाई खानेपानीको सुविधा पुगेको ।
- पाँचै विकास क्षेत्रमा रहेको Resource Centre मा वर्षाते पानी संकलन सम्बन्धी Prototype Model तयार गरी सम्बन्धित क्षेत्रमा पठाईएको।
- खानेपानी आयोजनाहरुमा प्रयोग हुने बिभिन्न किसिमको पाइप तथा फिटिङ्सहरुको Catalogue तयार भएको।
- विश्व स्वास्थ्य संगठनको सहयोगमा जलवायु समानुकूलित खानेपानी प्रणालीको डिजाइन निर्देशिका तयार भईरहेको, जलवायु समानुकूलित खानेपानी सुरक्षा योजनाको निर्देशिका तयार भई विभागका प्राविधिकहरूलाई तालीम दिईएको, जलवायु समानुकूलित खानेपानी सुरक्षा योजना कार्यान्वयन भईरहेको ।

**<u>भावी कार्यक्रमः</u>**

- आ.ब. ०७२।७३ मा ७ वटा बर्षात् को पानी संकलन सम्बन्धि आयोजनाहरु सम्पन्न गरी करिब १५०० जनसङ्ख्या लाभान्वित गराउने।
- आ. ब. ०७२।७३ मा बिभिन्न १७ जिल्लामा २३ वटा बिद्धालयहरुमा बर्षातको पानी संकलन सम्बन्धि आयोजनाहरु सम्पन्न गरी करिब ५५०० बिद्धार्थीहरु लाभान्वित गराउने।
- जलाधार व्यवस्थापन गरी समुदायमा बर्षातको पानी संकलन तथा प्रयोगको लागि निर्माण कार्य गराउने।
- खानेपानी क्षेत्रमा जलवायु परिवर्तन को प्रभाव सम्बन्धि अध्ययन तथा अनुसन्धान गर्ने, गराउने।

**<u>सूचना व्यवस्थापन शाखा</u>**

- खानेपानी तथा ढल निकास विभाग र अन्तर्गतका कार्यालयहरूमा व्यवस्थित सूचना प्रवाह गर्न आवश्यक पर्ने स्रोत साधन, कम्प्युटर, फयाक्स, इन्टरनेट आदिको समुचित व्यवस्था मिलाउने ।
- खानेपानी तथा सरसफाइ सम्बन्धी तथ्याङ्क संकलन गरी अद्यावधिक गर्न आवश्यक प्राविधिक सहयोग पुर्‍याउने ।
- जिल्ला-जिल्लाको खानेपानी तथा सरसफाइ सम्बन्धी सेवाको स्तर समेत छुट्टिने गरी सूचना संकलन एवं तथ्यांक अद्यावधिक गरी राख्ने ।
- जिल्ला पार्श्वचित्र तयार तथा अद्यावधिक गर्न स्थानीय निकायलाई सहयोग गर्ने ।
- खानेपानी तथा सरसफाइ क्षेत्रको विकास एवं व्यवस्थापनको लागि उपयुक्त व्यवस्थापन सूचना प्रणाली (MIS) को डिजाइन गर्ने , संचालन गर्ने ।
- क्षेत्रीय खानेपानी तथा सरसफाइ निर्देशनालय, डिभिजन र आयोजनाहरूबाट निर्दिष्ट फाराम अनुसार विवरणहरू प्राप्त गरी एकीकृत रूपमा आयोजना विवरण तयार गर्ने।

- खानेपानी तथा सरसफाइ  सम्बन्धी श्रोत केन्द्र (Resource Center) को रूपमा काम आवश्यक पर्ने तथ्याङ्क सबै सरोकार वाला निकायहरूबाट सम्बन्धित ढाँचामा प्राप्त गरि रेकर्ड अद्यावधिक गर्ने ।

**इलेक्ट्रोमेकानिकल शाखा**

- निर्माण सम्पन्न भएका पम्पिङ्ग प्रणालीका खानेपानी आयोजनाहरूको प्रणाली व्यवस्थापन कार्यको लागि प्राविधिक सहयोग पुऱ्याउने।
- खानेपानी तथा सरसफाइ प्रणालीको सम्पादन स्तरमा वृद्धि ल्याउन मर्मत सम्भार तथा संचालन सम्बन्धी सम्पूर्ण कार्य गराउने। मर्मत संभार सम्बन्धी वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना शाखालाई उपलब्ध गराउने । मर्मत संभार गर्न राय सल्लाह र सहयोग उपलब्ध गराउने ।
- समुदायद्वारा संचालित खानेपानी तथा सरसफाइ प्रणालीहरूको सम्पादनस्तर वृद्धि गर्न आवश्यक योजना तथा कार्यविधिहरूको तर्जुमा गर्ने ।
- विभाग अन्तर्गतका पम्पिङ प्रणालीका आयोजनाहरूको अभिलेख अद्यावधिक राख्ने ।
- इलेक्ट्रोमेकानिकल सम्बन्धी डिजाइन, अनुगमन गर्ने ।
- पम्पिङ्ग प्रणालीका सम्पन्न आयोजनाहरूमा बिग्रिएका ईलेक्ट्रो मेकानिकल सम्बन्धी उपकरणहरू मर्मत गर्न तथा फेर्न प्राविधिक सहयोग पुऱ्याउने।
- विभाग अन्तर्गतका आयोजनाहरूमा डीप ट्युववेल निर्माण, सुपरिवेक्षण गर्न राय सल्लाह र सहयोग उपलब्ध गराउने। डीप टयुववेल निर्माण सम्वधी आयोजना संचालन गर्ने ।
- यान्त्रिक उपकरणहरूको व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने ।
- विभाग अन्तर्गतका यान्त्रिक उपकरणहरूको लगत राख्ने , लगत अद्यावधिक गर्ने ।
- आयोजनाहरूको निमित्त आवश्यक यान्त्रिक उपकरणहरू खरिद गर्न स्पेशिफिकेशन (Specification) तयार गर्ने ।
- यान्त्रिक उपकरण तथा सवारी साधनहरूको मर्मत सँभारको निमित्त प्राथमिकताको आधारमा आवश्यक बजेट तर्जुमा गर्ने । यान्त्रिक कार्यशालाहरूको स्थापना एवं संचालन व्यवस्थापनको व्यवस्था मिलाउने।
- यान्त्रिक उपकरणहरूको संचालन कार्यमा दक्षता ल्याउन समय समयमा सम्बन्धित जनशक्तिलाई तालिम दिलाउने व्यवस्था गर्ने ।
- विभाग भित्रका सवारी साधनहरूको प्रयोगको व्यवस्था मिलाउने र विभाग भित्र रहेको आयोजना/योजना, क्षेत्रीय कार्यालय तथा डिभिजन कार्यालयहरूसँग समन्वय गरी सवारी साधनहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने ।
- यान्त्रिक उपकरणहरूको संचय तथा सन्तुलित एवं व्यवस्थित वितरणको व्यवस्था मिलाउन सहयोग गर्ने।
- काम नलाग्ने यान्त्रिक उपकरणहरूको लिलाम बिक्रीको व्यवस्था गर्ने ।

**विपद् जोखिम व्यवस्थापन शाखा**

- दैवी प्रकोपबाट खानेपानी तथा सरसफाइ सेवामा भएको क्षति विवरण संकलन तथा अद्यावधिक गर्ने ।
- दैवी प्रकोपबाट खानेपानी तथा सरसफाइ सेवामा भएको क्षतिको मर्मत, सम्भार तथा पुनर्निर्माण सम्बन्धी कार्यक्रम तयारी एवं प्राथमिकीकरण ।
- वार्षिक कार्यक्रम तथा बजेट तयारी गर्ने ।
- कार्यक्रमको सुपरिवेक्षण, अनुगमन, निरीक्षण तथा मूल्याङ्कन तथा प्रगति प्रतिवेदन तयारी गर्ने ।

**सामुदायिक परिचालन शाखा**

- खानेपानी तथा सरसफाइ  क्षेत्रमा संलग्न उपभोक्ता संस्था तथा गै.स.स.हरुको तथ्याङ्क तयार गर्ने।
- गै.स.स.तथा सामुदायिक विकाससँग सम्बन्धित अध्ययन, मूल्यांकन, कार्यनीति, नियम तथा निर्देशिका  तयार गर्न पहल गर्ने ।
- उपभोक्ता समिति, गै.स.स., स्थानीय निकाय र खानेपानी कार्यालयबीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।

**खानेपानीको सदुपयोग गरौं**
**सबैलाई उपभोग गर्ने अवसर प्रदान गरौं**

**<u>प्रशासन शाखा</u>**

- कर्मचारी प्रशासन सम्बन्धी
- कर्मचारीहरूको आवश्यक पर्ने संख्या एकीन गरी दरबन्दी सृजना गर्ने , कटौती गर्ने र सालबसाली अभिलेख तयार गर्ने ।
- कर्मचारीहरूको सरुवा, बढुवा, नियुक्ति, काज, सजाय, प्रोत्साहन पुरस्कार, तक्मा , अवकाश तथा हाजिरी, बिदा र पदस्थापन आदि सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।
- विभाग र अन्तर्गतका साधारण तर्फका सबै तहका सबै कर्मचारीहरूको अभिलेख अद्यावधिक गर्ने ।
- संगठनात्मक संरचना निर्माण, दरबन्दी पुनरावलोकन, पद श्रृजना, पद दर्ता, पदपूर्ति, नियुक्ति, सरुवा, बढुवा, विभागीय कारबाही, दण्ड पुरस्कार, पदक, अवकाश सम्बन्धी कार्य गर्ने ।
- कार्यदक्षता सीमा पार गर्ने तथा अतिरिक्त मानमा लैजाने अनुशासन दण्ड र पुरस्कार पदकको कार्य गर्ने ।
- कर्मचारीको बृत्तिविकास सम्बन्धी कार्य गर्ने ।

**कार्यालय व्यवस्थापन तथा आन्तरिक प्रशासन सम्बन्धी**

- विभाग र अन्तर्गत आयोजना तर्फको कर्मचारी दरबन्दी श्रृजना, पद पूर्ति, काज, सरुवा अवकाश आदि सम्बन्धी कार्य
- आयोजनाहरूको प्रत्येक आर्थिक वर्षमा दरबन्दी समितिको बैठक बोलाउने । पदपूर्ति सम्बन्धी र स्वीकृत दरबन्दीहरूको लगत अद्यावधिक राख्ने विकास प्रशासन तर्फका कर्मचारी सम्बन्धी सम्पूर्ण काम कार्यवाही गर्ने र मेकानिकल समूहका राजपत्रांकित, राजपत्र अनंकित कर्मचारीहरूको सामान्य प्रशासन सम्बन्धी सम्पूर्ण काम कार्यवाही गर्ने ।
- अधिकृत कर्मचारी र अन्य कर्मचारीहरू बीच समन्वय ल्याई, नियन्त्रण र मूल्याङ्कनमा नीतिगत निर्णय लिई विकास निर्माणको काममा प्रगति गराउन प्रयत्नरत रहने।
- विभागको भवन अन्तर्गत जस्तै सोधपुछ, सुरक्षा, सफा सुग्घर, बगैंचा, टेलिफोन, बिजुली ,बत्ती, धारा, वाथरुम, ढल निकास आदिको सुव्यवस्थित कार्य गर्ने ।
- कर्मचारीहरूको कार्य विभाजनको व्यवस्था मिलाउन र पियन, चौकीदार र स्विपरहरुको काम बाँडफाँट गरी पालो पहरा सम्बन्धी काम कार्यवाही गर्ने ।
- नयाँ कार्यालय खोल्नु परेमा कार्यालय स्थापना सम्बन्धी काम गर्ने ।
- कार्यालयको सुरक्षा, सरसफाइ, पाले पहरा व्यवस्थापन ।
- कार्यालयको भौतिक सुविधा व्यवस्था ।
- दर्ता, चलानी, सोधपुछ, सञ्चार समन्वय ।
- परिवहन व्यवस्थापन, जनशक्ति व्यवस्थापन ।
- हाजिरी बिदा, परिपत्र सम्बन्धी ।
- अख्तियार दुरुपयोग आयोगसँग सम्बन्धित ।
- प्रशासनिक बेरुजू, व्यवस्थापन परीक्षण ।
- निरीक्षण, अनुगमन, छानबिन सम्बन्धी ।

## आर्थिक प्रशासन शाखा

### आर्थिक प्रशासन सम्बन्धी कार्यहरू

- विभाग र अन्तर्गतको चालू बजेट व्यवस्था, अख्तियारी प्रदान सम्बन्धी कार्य गर्ने ।
- केन्द्रीय स्तर र जिल्ला स्तरीय लेखा नियन्त्रण गर्ने ।
- आगामी आ.ब.को लागि साधारण तर्फको बजेट तर्जुमा गर्ने ।
- आर्थिक प्रशासनसँग सम्बन्धित सबै प्रकारको अभिलेख व्यवस्थापन ।
- आर्थिक ऐन, नियम र नीति सम्बन्धी राय परामर्श ।
- रकम निकासा, फुकुवा, रकमान्तर, श्रोतान्तर सम्बन्धी कार्य गर्ने ।
- केन्द्रीय आर्थिक विवरण तयार गर्ने ।
- वैदेशिक आयोजनाको आर्थिक अभिलेख राख्ने ।
- विभागको आर्थिक प्रशासन सम्बन्धी दैनिक कार्यहरू गर्ने।
- विभागका शाखा तथा शाखाहरूलाई  आवश्यकता अनुसार आर्थिक राय, सल्लाह उपलब्ध गराउने ।
- कर्मचारीहरूको औषधी उपचारको रकमको व्यवस्था  गर्ने र निवृत्तिभरण तथा उपदान सम्बन्धी काम गर्ने।
- विकास बजेटको तर्जुमा  गर्न सहयोग पुऱ्याउने तथा रकमान्तरको व्यवस्था गर्ने ।
- विभागको साधारण बजेट तर्जुमा गर्ने अर्थ मन्त्रालयबाट स्वीकृत फाराम बमोजिमको विवरण तयार गर्ने गराउने ।
- विभागमा पठाउनु पर्ने लेखा सम्बन्धी सबै किसिमका मासिक, पाक्षिक, आदि प्रतिवेदनहरू तयार गरी पठाउने र अन्तर्गत निकायहरूको समेत सोही अनुसार पठाउन लगाउने ।
- आन्तरिक लेखा परीक्षक वा अन्तिम लेखा परीक्षणबाट उठेका बेरुजू  फर्छ्यौट गर्ने र गराउने ।
- वैदेशिक ऋणबाट संचालित आयोजनाहरूले दातृ संस्थालाई  पेश गर्नु पर्ने विवरणहरू तथा लेखा परीक्षणको प्रमाणपत्रहरू समयमै तयार गर्न लगाई  पेश गर्न लगाउने र सोधभर्ना सम्बन्धी हिसाब मिलान भए नभएको रेखदेख गर्ने ।
- प्रत्येक आ.व.को अन्त्यसम्मको आर्थिक विवरण आगामी आ.व.को पहिलो चौमासिक भित्र तयार गरी महानिर्देशक समक्ष पेश गर्ने ।
- विभाग र अन्तर्गतका लेखा सम्बन्धी अन्य सम्पूर्ण कार्यहरू गर्ने ।
- आवश्यकता अनुसार अन्य तोकिएका कार्यहरू गर्ने ।
- विभाग र अन्तर्गतका कार्यालयहरूको बजेट सम्बन्धी अधिकार प्रत्यायोजन र अख्तियारी सुम्पने कार्यवाही गर्ने ।
- विभाग र अन्तर्गतका कार्यालयहरूको केन्द्रीय स्तर एवं जिल्ला स्तरीय लेखा नियन्त्रण गर्ने, निर्देशन दिने र नियमानुसार लेखा अद्यावधिक राख्न लगाउने ।
- विभाग र अन्तर्गतका कार्यालयहरूको वार्षिक बजेट तर्जुमा गर्ने योजना अनुगमन तथा मूल्याङ्कन शाखालाई  सघाउने ।
- आर्थिक ऐन नियम र नीति सम्बन्धमा माग भएको बखत राय प्रस्तुत गर्ने ।
- निकासा र रकमान्तर गर्न सिफारिस गर्ने तथा केन्द्रीय आर्थिक विवरण तयार गर्ने ।

**बेरुजू सम्बन्धी**

- विभाग र अन्तर्गतको बेरुजूको अभिलेख अद्यावधिक गर्ने ।
- कायम भएका बेरुजूको  फछर्यौट सम्बन्धी कार्य गर्ने ।
- बेरुजूको सम्परीक्षण गराई  लगत कट्टा गराउने ।
- फर्छ्यौट हुन नसकेका बेरुजूको लगत बनाई  केन्द्रीय तहशिल कार्यालयमा पठाउने ।
- केन्द्रीय स्तर एवं जिल्ला स्तरीय लेखा कम्प्यूटराइज्ड गरी डाटावेश तयार गर्ने ।
- आर्थिक कारोबारका स्रेस्ताहरू स्वीकृत ढाँचा अनुसार राख्न लगाउने । खर्चका अभिलेखहरूको आ.ले.प.तथा म.ले.प. बाट औंल्याइएको बेरुजूहरू  फर्छ्यौट गर्न गराउने तदारुकता साथ कार्यवाही गर्ने ।

# सहलगानी खानेपानी तथा सरसफाइ आयोजना

सहलगानी कार्यक्रमले खानेपानी तथा सरसफाइ सेवालाई आधारभूतस्तर सम्म मात्र सिमित नराखी जीवनयापनमा आएको परिवर्तन सापेक्ष उपभोक्तालाई छिटो रुपमा सुरक्षित, विश्वसनीय, पर्याप्त र दिगो सेवा उपलब्ध गराइ जीवनस्तर उकास्न टेवा पुर्याउने उद्देश्य सहित नेपाल सरकार र उपभोक्ता संस्थाको सहलगानीमा तल उल्लेखित अनुसार आ.व. २०७०/७१ देखि विभिन्न खानेपानी आयोजनाहरूको निर्माण कार्य सञ्चालन भइरहेको छ ।

१ सहलगानी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत निर्माणाधिन आयोजनाहरू

| क्र।सं। | आयोजनाको नाम | जिल्ला | कैफियत |
|---|---|---|---|
| १ | अमरापुरी सहलगानी खा.पा.तथा स. आयोजना | नवलपरासी | यस आ.व. मा निर्माण सम्पन्न हुने । |
| २ | चन्द्रगढी सहलगानी खा.पा.तथा स. आयोजना | झापा | आ.व. ०७३/७४ मा सम्पन्न हुने । |
| ३ | उर्लावारी सहलगानी खा.पा.तथा स. आयोजना | मोरङ्ग | |
| ४ | मानगढ सहलगानी खा.पा.तथा स. आयोजना | मोरङ्ग | |
| ५ | चेपेखोला सहलगानी खा.पा.तथा स. आयोजना | गोरखा | |
| ६ | शंकरनगर सहलगानी खा.पा.तथा स. आयोजना | रूपन्देही | |
| ७ | आनन्दवन शंकरनगर सहलगानी खा.पा.तथा स. आयोजना | रूपन्देही | |

२। यस आ.२०७२।७३० देखि निर्माण शुरू हुने आयोजनाहरू

| क्र।सं। | आयोजनाको नाम | जिल्ला |
|---|---|---|
| ८ | जलुके सहलगानी खा.पा.तथा स. आयोजना | नवलपरासी |
| ९ | नारायणपुर सहलगानी खा.पा.तथा स. आयोजना | दाङ् |
| १० | सडकपुर वौनिया सहलगानी खा.पा.तथा स. आयोजना | कैलाली |
| ११ | नयाँगाउँ सहलगानी खा.पा.तथा स. आयोजना | रूपन्देही |
| १२ | प्रगतिनगर–पश्चिम, कालिकानगर सहलगानी खा.पा.तथा स. आ. | रूपन्देही |
| १३ | वलेवा नारायणस्थान सहलगानी खा.पा.तथा स. आयोजना | वाग्लुङ्ग |
| १४ | हर्नामडी सुकौरा सहलगानी खा.पा.तथा स. आयोजना | मकवानपुर |

३. यस आ.व. मा DPR तयार भई ०७३/७४ देखि निर्माण शुरू हुने आयोजनाहरू

| क्र।सं। | आयोजना | जिल्ला |
|---|---|---|
| १ | लखनपुर सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | झापा |
| २ | धनगढा सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | चितवन |
| ३ | रत्ननगर सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | चितवन |
| ४ | नारायणी सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | नवलपरासी |
| ५ | लेखनाथ सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | कास्की |
| ६ | सर्रा सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | दाङ् |
| ७ | पर्सा सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | चितवन |
| ८ | विन्दवासिनी सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | भक्तपुर |
| ९ | वस्तिपुर सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | मकवानपुर |
| १० | पर्वत वेनी सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | कास्की |
| ११ | जाजरकोट खलङ्गा सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | जाजरकोट |
| १२ | वेशीसहर सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | लम्जुङ्ग |

## सुक्खा क्षेत्र खानेपानी तथा सरसफाइ व्यवस्थापन आयोजना

- अत्यन्त सुक्खाग्रस्त क्षेत्रका जनतालाई विभिन्न योजना तथा कार्यक्रम मार्फत खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउने ।
- सुक्खा क्षेत्रमा खाने पानी तथा सरसफाइ पुऱ्याउनको लागि प्रविधि सम्बन्धी अनुसन्धान र विकास कार्यक्रम संचालन गर्ने ।
- सुक्खा क्षेत्रका खाने पानी तथा सरसफाइ आयोजनाहरूको अनुगमनको लागि सूचकहरू तयार गर्ने ।
- सुक्खा क्षेत्रका खाने पानी तथा सरसफाइ आयोजनाहरूको तर्जुमा, सम्भाव्यता अध्ययन, डिजाइन र कार्यान्वयन गर्ने ।
- सुख्खा क्षेत्रका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको ज्ञान, क्षमता शिप र दक्षता अभिबृद्धि गरि दिगो तथा आत्म निर्भर खानेपानी सेवा सन्चालन गर्न सहयोग पुर्याउने ।
- सुख्खा क्षेत्रका खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गतको सरसफाइ कार्यक्रमले आयोजना क्षेत्रमा न्यूनतम सरसफाइका सुबिधाहरु उपलब्ध गराइ उपभोक्ताहरुको स्वास्थ्य र सरसफाइको अवस्थामा गुणात्मक सुधार ल्याउन मद्दत गर्ने ।

**आफ्नो खानेपानीको गुणस्तरमा चासो बढाऔं**
**खानेपानी योजनामा खानेपानी सुरक्षा योजना लागु गरौं**

## तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना

नेपाल सरकारले हाल द्रुत गतिले विकसित हुँदै आएका साना सहरहरूमा गुणस्तरीय खानेपानी तथा सरसफाइको सुविधा उपलब्ध गराउने अभिप्रायले एसियाली विकास बैंकको ऋण सहयोगमा तेस्रो सहरी खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयनमा ल्याएको छ । यस आयोजनावाट २६ वटा साना सहरहरुका करिव ३ लाख ९० हजार जनसंख्या गुणस्तरयुक्त खानेपानी तथा सरसफाइको सुविधावाट लाभान्वीत हुनुको साथै आयोजना क्षेत्रका उपभोक्ताहरुको जीवनस्तरमा सुधार ल्याउने, दिगो तथा समावेशी खानेपानी तथा सरसफाइको सेवा प्रदान गर्ने यस आयोजनाको प्रमुख उद्देश्य रहेको छ । तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाले अङ्गीकार गरेका मुख्य नीति निम्नअनुसार छन् :

### १ सहलगानी/लागत असुली तथा साझेदारी

तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ सेवाप्रणालीको दीर्घकालीन र दिगो उपयोगका लागि निर्मित प्रणालीको कार्यान्वयन र सञ्चालनमा लाग्ने खर्च उपभोक्ताबाट असुलउपर गर्नु आवश्यक हुन्छ । नगर आयोजनाको निमार्णमा पुँजीगत लगानीस्वरूप खानेपानी संरचना निर्माणको कुल लागतमा उपभोक्ता समितिको सहलगानीको नीति अपनाएको छ । उपभोक्ताले गर्ने सहलगानीको अंश खानेपानी निर्माण लागतको ३०% भन्दा बढी हुने छैन र सो ३०% मध्ये न्यूनतम ५% आयोजनाको सञ्चालनको प्रतिबद्घतास्वरूप अग्रिम नगद जम्मा गर्नुपर्नेछ । यसरी जम्मा भएको योगदान रकमका आधारमा बाँकी २५% बराबर रकम जुटाउन उपभोक्ता संस्था/स्थानीय निकायले नगर विकास कोषबाट ऋण माग गर्न सक्ने प्रावधान रहेको छ । उक्त ऋण सहुलियत (grace period) अवधि ५ वर्षसहित २५ वर्षभित्र चुक्ता गर्नुपर्नेछ । यस अवधिभित्र पानी सेवाशुल्कवापत उपभोक्ताबाट असुल गरेको रकमबाट उपभोक्ता संस्थाले नगर विकास कोषलाई ऋण भुक्तानी गर्दै जानु पर्नेछ । सो ऋणको ब्याज ५% भन्दा बढी हुने छैन ।

### २ लैङ्गिक समानता र सामाजिक समावेशीकरण

विकासका सबै प्रक्रियामा लैङ्गिक तथा गैरलाभान्वित वर्ग/समुदायको समानुपातिक प्रतिनिधित्व र सहभागितालाई प्रोत्साहित गर्दै जाने उद्देश्यले लैङ्गिक समानता तथा सामाजिक समावेशीका लागि विपन्न/गरिब, कमजोर तथा पछाडि परेका जनजाति/वर्ग/समुदायहरूलाई आयोजनाको सबै तह र पक्षहरूमा समावेश गराउने हेतुले सम्बद्घ निकायहरूमार्फत आयोजनाले लैङ्गिक समानता र सामाजिक समावेशी नीति कार्यान्वयन गर्नेछ । त्यस सम्बन्धी कार्यक्रमको अवधारणा र कार्यक्रमबारे लैङ्गिक समानता तथा सामाजिक समावेशी कार्यक्रम निर्देशिका मार्फत जानकारी हुनेछ ।

### ३ प्रतिफलमा आधारित अनुदान

विपन्न/गरिब तथा जोखिममा परेका वर्ग/समूहहरूलाई खानेपानीको आपूर्ति तथा सरसफाइको सेवा सहज उपलब्ध गराउने उद्देश्यले तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाले राहतस्वरूप अनुदान दिने रणनीति अपनाएको छ । यसका लागि सेवा प्रदायक संस्थाका रूपमा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थालाई अनुदान रकम उपलब्ध हुनेछ । डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदातृ संस्थाले तयार गरेको

सामाजिक आर्थिक विवरणका आधारमा पहिचान तथा छनोट हुने घरधुरीहरूमा निजी धारा जडान तथा चर्पी निर्माण भएको प्रमाणका आधारमा अनुदान दिईनेछ ।

## ४ पारदर्शिता र उत्तरदायित्व

आयोजनाका क्रियाकलापहरूको पारदर्शिता र जनउत्तरदायित्वपूर्ण जवाफदेही बनाउन सम्बद्ध निकाय,समुदायहरू देखि सर्बसाधारणसम्म सबैलाई सुसूचित बनाउन सूचना सम्प्रेषणका विभिन्न माध्यमहरू जस्तै विद्युतीय तथा वेब साइट, छापा माध्यमबाट सूचनामूलक प्रकाशनहरू तथा भेटघाट, छलफल अन्तर्क्रिया तथा सचेतना कार्यक्रमहरूमार्फत आयोजनाबारेका जानकारी तथा आवश्यक सूचनाहरू सम्प्रेषण गरिनेछन् ।

५.आयोजनाको लागत अनुमान तथा स्रोत विवरण (मिलियन अमेरिकी डलरमा)

| स्रोतहरू | लागत अनुमान | प्रतिशत |
|---|---|---|
| नेपाल सरकार (GON) | २३.३ | २१.४ |
| एशियाली विकास बै° (ADB) | ६०.० | ५४.९ |
| ओपेक फण्ड (OFID) | २०.० | १८.३ |
| सरसफाइ ट्रष्ट फण्ड (SFPTF) | १.३ | १.२ |
| स्थानीय निकाय र उपभोक्ता वर्ग्ग | ४.५ | ४.२ |
| **जम्मा** | **१०९.२** | **१००** |

६. आयोजनाको अवधि

आयोजनाको अवधि आ.ब. २०७१/०७२ देखि २०७७/०७८ सम्म ६ वर्षको रहने छ ।